# एजेन्सी रजिष्ट्रेशन गर्ने दरखास्त फाराम

श्रीमान् महानिर्देशकज्यू
वाणिज्य विभाग
बबरमहल, काठमाडौं ।

विषय : एजेन्सी दर्ता बारे ।

महोदय,

म/हामीले नेपाल सरकार ..........................................................मा...................................नम्बरमा दर्ता रहेको प्रा.फर्म/साझेदारी फर्म/प्रा.लि./कं.लि.ले ..............................................................फर्मसँग लिएको एजेन्सीको छोटकरी विवरण तल खुलाई सो फर्मको एजेन्ट भएको कागजातहरु तथा अन्य आवश्यक कागजातहरु यसैसाथ पेश गरेको छु/छौं । उक्त फर्मको एजेन्ट भै काम गर्दाको शर्तनामा अनुसारको शर्त वा भाउमा कुनै फेरबदल भएमा सो को सूचना तुरुन्त गर्ने छु/छौं । नेपाल एजेन्सी ऐन, २०१४ तथा एजेन्सी (संशोधन र एकिकरण) नियमहरु, २०१९ अनुसार आफूले लिएको एजेन्सीका मालहरु आएको, बिक्री भएको मौज्दात रहेको तथा तीनको दर भाउको फाँटवारी ३/३ महिनामा त्यस विभागमा पेश गर्नुको साथै माल बिक्री गर्दा वा काम गर्दा आफूले पाएको कमिशन रिबेट नेपाल सरकारबाट तोकी दिएको भन्दा बढी मुनाफा नलिई बिक्री गर्ने वा काम गर्ने छु/छौं, मेरा/हाम्रो नाउमा एजेन्सी दर्ता गरी पाउ लेखिएका व्यहोरा कुनै कुरा झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. एजेन्सी दिने फर्मको नाम (नेपाली):-
२. एजेन्सी दिने फर्मको नाम (अंग्रेजीको ठूलो अक्षरमा):-
३. एजेन्सी दिने फर्मको ठेगाना:
४. एजेन्सी पाउनेको नाम (नेपालीमा):
५. एजेन्सी पाउनेको नाम (अंग्रेजीमा):
६. एजेन्सी पाउनेको ठेगना (ब्लक नं./टेलिफोन नं. सहित)
७. एजेन्सी पाएको मूल्य माल वस्तुको नाम:
८. एजेन्सी पाएको इलाका:
९. एजेन्ट वा एजेन्सीको धनी/धनीहरुको नाम:

निवेदक

लेखात्मक सही:
रेखात्मक सिही:

दा. बा.

# कबुलियतनामा

लिखितम् ____________________________________________________________

आगे तपसिल बमोजिम एजेन्सी पाएकोले रजिष्टर गर्न निमित्त विवरण खुलाई यस विभागमा दरखास्त दिएको सो एजेन्सीको रजिष्ट गर्ने ऐन, नियम बमोजिम नियम पालना गर्न सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाईको मञ्जुर छ/ छैन भनी यस विषयमा वाणिज्य विभाग सोधनी गर्दा मेरो चित्त बुझ्यो । यसमा ऐन रुल नियम अनुसार तपसिल लेखिए बमोजिम नियम पलान गर्न मञ्जुर छ, पालना गर्नेछु । कथमकदाचित रुल नियम पालना नगरी उल्लंघन गरेमा ऐन रुल नियम पालन नगरेको ठहरी सजाय पाउने भएकोमा पछि कुनै कुराको उजूर गर्ने छैन भनी मनोमान खुसीराजीसँग कबुलियतनामा लेखि नेपाल सरकार वाणिज्य विभागमा चढाएँ ।

१. एजेन्सी दिने कम्पनीको नाम ...................................................................................................

२. एजेन्सी पाएको मालको छोटकरी विवरण...........................................................................................

३. एजेन्सीको इलाका ...........................................................................................................

पालन गर्नुपर्ने नियमहरु:

(क) जुन सालमा सो एजेन्सी रजिष्टर गरिएको हो सो सालको चैत्र मसान्तमा मात्र रजिष्टर बहाल रहने हुनाले अवधि समाप्त हुनुभन्दा अगाडि ऐन रुल नियम बमोजिम दस्तुर तिरी पुन: नवीकरण गराउने छु ।

(ख) आफूलले गरेको कारवाहीको फाँटवारी अनुसूची २ बमोजिम फर्ममा भरी प्रत्येक ३/३ (तीन-तीन) महिनामा यस विभागमा पेश गर्नेछु ।

(ग) यस सम्बन्धी नियमको कुनै कुरा उल्लंघन गरेमा, पेश गरेको फाँटवारीमा कुनै कुरा झुठा लेखेमा कानून बमोजिम सजाय सहनेछु ।

(घ) यस विषयमा ०१४/१२/२३ मा नेपाल गजेटमा प्रकाशित रजिष्ट्रेशन ऐनमा उल्लेखित कुराहरु प्रति पालना गर्नेछु । साथै यस सम्वन्धि अरु कुरा रुल नियम निस्केमा सो समेत पालना गर्न तयार रहने छु ।

इति सम्वत २० ...............साल......................महिना....................गते रोज ...........................शुभम्

सही

दा.　　　　बा.